जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९९ २०७९ साल कात्तिक २६ गते शनिबार (12 Nov. 2022 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालमा डिजिटल ... ३ पृष्ठमा : खपत घटेपछि सिमेन्ट ... ३ पृष्ठमा :राजीव गान्धी हत्याका ६ जना ...

## दल तथा उम्मेदवारले अनलाइनमा विज्ञापन प्रकाशन-प्रसारण गर्न पाउने



काठमाडौँ, २५ कात्तिक (रासस)।
निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल तथा उम्मेदवारले विज्ञापन प्रकाशन तथा प्रसारण गर्न पाउने छ बुँदे निर्णय गरेको छ।

निर्वाचन आचारसंहिता, २०७९ को अधीनमा रही राजनीतिक दल तथा उम्मेदवारले सूचना तथा प्रसारण विभागमा दर्ता भई प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका अनलाइन सञ्चारमाध्यमबाट प्रचार-प्रसार गर्न पाउने निर्णय गरेको आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। निर्णयहरूमा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार-प्रसारसम्बन्धी बढीमा एक मिनेटसम्मको श्रव्यदृश्य सामग्री अनलाइन सञ्चारमाध्यमबाट प्रसारण गराउन सक्ने व्यवस्था रहेको छ।

त्यस्तै राजनीतिक दलले निजी क्षेत्रको अनलाइन सञ्चारमाध्यमबाट रोडब्लक, कन्टेन ब्लक, होमपेज, ब्यानर, डिटेल पेज ब्यानर, बक्स विज्ञापन (समाचारको बीचमा)को माध्यमबाट निर्वाचन प्रचार-प्रसार गराउन सक्ने निर्णय गरेको छ। आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन वा प्रसारण गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा सःशुल्क विज्ञापन भएको जनाउ दिनुपर्ने रहेको छ।

आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट गरिने निर्वाचन प्रचार-प्रसार सामग्रीमा कसैप्रति गालीगलौज, मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति समावेश हुन नहुने र त्यस्तो विषय समावेश भएमा निर्वाचन आचारसंहिता उल्लङ्घन भएको मानिने छ। त्यस्तै आचारसंहिताको खण्ड (क) वा (ख) बमोजिम अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा विदेशी अनलाइन सञ्चारमाध्यममा प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था छ।

राजनीतिक दल वा उम्मेदवारले अनलाइन सञ्चारमाध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्दा लागेको खर्चको विवरण प्रचलित कानूनबमोजिम पेश गर्नुपर्ने निर्वाचन खर्चको विवरणमा समावेश गरी पेश गर्नुपर्ने रहेको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा १५ मा राजनीतिक दल वा उम्मेदवारसमेतले पालना गर्नुपर्ने सञ्चारमाध्यमको प्रयोगसम्बन्धी आचरणअन्तर्गत राजनीतिक दल वा उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियो तथा पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचार-प्रसार गर्न सक्ने व्यवस्था छ।

## भन्सार छलेका अबैध सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २५ कात्तिक।**
सप्तरी प्रहरीले जिल्लाको राजगढ गाउँपालिका वडा नं.३ बाट मोटरसाइकलमा लोड गरिएको भन्सार छलेका कस्मेटिकका सामानहरु बरामद गरेको छ।

स.५ प.६०७४ नं.को मोटरसाईकलमा भारतबाट भंसार छली नेपालतर्फ ल्याई रहेको अवस्थामा चेकजाच गर्दा एक लाख ४१ हजार चार सय मुल्य बरामदको कस्मेटिक सामानहरु बरामद गरेको हो।

प्रहरीले मोटरसाईकल चालक डाक्नेश्वरी ६ निवासी ३९ वर्षिय मनोज कुमार यादवलाई समेत नियन्त्रणमा लिएको छ।

यस्तै प्रहरीले जिल्लाको डाक्नेश्वरी ७ मझौरा टोलबाट भारतीय नम्बरको बिआर ३२ एफ ८९५ मोरटसाइकलबाट भन्सार छली गरेर ल्याउदै गरेको १ लाख ८ सय ८४ मुल्य बराबरको लौका, फर्सी, काउली, मटर लगायतको बिउ बिजनहरु बरामद समेत गरेको छ।

प्रहरीले दुबै स्थानबाट बरामद गरेको समानहरु राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जनाएको छ।

## अख्तियारको अभिव्यक्तिप्रति बारको ध्यानाकर्षण

काठमाडौँ, २५ कात्तिक (रासस)।
नेपाल बार एशोसिएशनले यही कात्तिक २२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतबाट हुने न्याय निरुपणको विषयमा दिएको अभिव्यक्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

अख्तियारले पत्रकार सम्मेलनमै अदालतलाई आफू अनुकूलको फैसला गर्न दबाब दिने उद्देश्यले आफ्नो क्षेत्राधिकारको ख्याल नगरी 'अदालतमा न्यायिक विचलन, कानूनको गलत व्याख्या तथा असक्षमता भएको' भन्ने शब्दप्रति बारले ध्यानाकर्षण भएको जनाएको हो। बारको केन्द्रीय कार्यसमिति तथा उपत्यका बार एशोसिएशनका पदाधिकारीको बिहीबार बसेको बैठकपछि आयोजित पत्रकार सम्मेलनमा बारका कार्यवाहक अध्यक्ष हर्कबहादुर रावलले भन्नुभयो, "कानूनले निर्दिष्ट गरेको मार्गको अवलम्बन गर्नुको सट्टा सार्वजनिकरूपमा पत्रकार सम्मेलन गरी न्यायालयमाथि निष्पक्षता र सक्षमतामा नै शङ्का उब्जाउन सक्ने भाषा शैलीको प्रस्तुति उचित मान्न सकिँदैन।"

कार्यवाहक अध्यक्ष रावलले राज्यका जिम्मेवार निकाय तथा पदाधिकारीहरूले विधिको शासनको अक्षरशः पालना गर्न र अदालतको स्वतन्त्रतामा आँच पुग्ने गरी अभिव्यक्ति नदिन आग्रह गर्नुभयो।

## लोकतान्त्रिक इन्जिनियरहरुको समिति गठन



**दैनिक समाचारदाता**
**जनकपुर, २५ कात्तिक।**
लोकतान्त्रिक इन्जिनियरहरुको शुक्रबार आयोजित एक भेलाले सत्ता गठबन्धनका उम्मेदवारहरुलाई जिताउन प्रदेशस्तरीय मूल समिति र प्रचारप्रसार समिति गठन गरेको छ।

मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा सत्ता गठबन्धनका उम्मेदवारहरुलाई जितका लागि सहयोग गर्ने उद्देश्यले सो समिति गठन गरिएको हो।

इन्जिनियर धर्मनारायण साहको संयोजकत्वमा नौ सदस्यीय मूल समिति र ५१ सदस्यीय प्रचारप्रसार समिति गठन गरिएको छ।

नौ सदस्यीय मूल समितिमा इन्जिनियरहरु धनकिशोर साह, अजितकुमार यादव, दिपेश यादव, दिपक यादव, श्यामकिशोर यादव, रबि साह, प्रियान्शु गुप्ता र उमेशकुमार चौधरी सदस्य रहेका छन्।

समितिका सल्लाहकार सदस्यमा अभिमन्युलाल सिंह, शालिग्राम सिंह, उमाशंकर साह, मुनीलाल, यादव, उमेश गुप्ता (रौनियार), रविभुशन झा र मनोज दास रहनुभएको संयोजक साहले जानकारी दिनुयो।

धनुषा जिल्लाको लक्ष्मीनियाँमा आयोजित भेलाले सबल र सम्मानित मधेश प्रदेशको परिकल्पनाको लागि कांग्रेससहित सत्ता गठन्धनका उम्मेदवारलाई विजयी गराइ समिति गठन गरी परिचालन गरिसकेको संयोजक साहले जानकारी दिए।

## डेङ्गुका बिरामी बढे

काठमाडौँ, २५ कात्तिक (रासस)।
देशभर डेङ्गुबाट सङ्क्रमितको सङ्ख्या ५१ हजार एक सय ७७ पुगेको छ। तीन दिनमा नौ सय १४ नयाँ डेङ्गु सङ्क्रमित थपिएसँगै बुधबारसम्म सङ्क्रमितको सङ्ख्या ५१ हजार एक सय ७७ पुगेको हो। तीन दिनमा थप दुई जनाको मृत्यु भएकोस्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यससँगै डेङ्गुबाट अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या ५७ पुगेको हो ।

सबैभन्दा धेरै वाग्मती प्रदेशमा ३९ हजार छ सय २४ जना डेङ्गुका

*बाँकी अन्तिम पृष्ठमा*

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# मतदाता शिक्षाको अभाव

मंसिर ४ मा हुन गइरहेको प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनको माहौलो तातिएको बेला भने मतदाताहरु अलमलमा परेका छन् । विगतका निर्वाचनहरुमा मतदाता शिक्षा सम्बन्धी कार्यक्रम एक महिना अगावै दिइने गरिन्थ्यो । तर यस पटक निर्वाचनको केही दिन अगाडीबाट हरेक पालिकामा एक जना स्वमसेवकलाई उक्त कार्यमा खटाइएको छ । तर उक्त कार्यले खासै उपलब्धी नहने देखिन्छ । बढी मतदाता भएको स्थानमा ती स्वमसेवकले सबैको घरदैलोमा पुग्न सक्दैनन् । हुन त पुरानो मतदाताहरुलाई मत खसाल्न समस्या नभएपनि नयाँ मतदातालाई समस्या हुने देखिन्छ उनीहरुलाई पहिलो पटक मत खसाल्ने बारे जानकारी दिइन्छ तर त्यो अपर्याप्त हो ।

यता उम्मेदवारहरुले मतदाता समक्ष पुग्दै मत खसाल्ने बारे जानकारी दिइरहेका छन् । उनीहरु मतदाता शिक्षाका साथ साथै आफ्नो पक्षमा मत रिझाउन लागिपरेका छन् । उनीहरु अहिले मतदाताको घर घरमा गएर मत माग्न ब्यस्त छन् । आफ्नो पार्टीको एजेन्डा र घोषणा पत्र सँगै उनीहरु मतदातालाई आफ्नो पक्षमा पार्न सक्दो प्रयास गरिरहेको देखिन्छ । बिहानैदेखी मतदाताको घरमा गएर आफ्नो भनाई राख्दै मतदाताको खुट्टा ढोक्न समेत भ्याइरहेका छन् । उनीहरुले आफ्नो कार्यकालको विकासीय कार्यलाई स्मरण गराउँदै मतदातासँग मत मागेको देखिन्छ ।

तसर्थ निर्वाचन आयोगले मतदाता शिक्षातर्फ बढी ध्यान नदिदा मत खेर जान सक्ने सम्भावना समेत बढेर गएको छ । यसका लागि दलका उम्मेदवार तथा नेता कार्यकर्ताहरु मतदाता शिक्षा र मतदान गर्ने बारे जानकारी दिन अग्रसर हुनुपर्ने आवश्यकता रहेको छ ।

# नेपालमा डिजिटल प्लेटफर्म

**भेषराज कार्की**
काठमाडौँ, २५ कात्तिक (रासस) ।

ओटिटी (ओभर द टप)प्रति आकर्षण लकडाउनको समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रूपमा डिजिटल प्लेटफर्म रोजे ।

अन्तर्राष्ट्रियरूपमा सुरु भइसकेको नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायतका ओटिटी प्लेटफर्म दर्शकका प्रिय बने । नेपालीसमेत उल्लेखित ओटिटीका प्लेटफर्मतर्फ आकर्षित हुँदा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघरजस्ता एपले भने धेरै दर्शक तान्न सकेनन् । नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरूपमा खर्च गर्न मिल्ने गरी कार्ड उपलब्ध गराएपछि पनि विदेशी एपमै दर्शक बढेका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाएपश्चात बन्द नै भयो ।

सिनेमाघर एपसँग सन् २०१८ मै जोडिएका अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले दर्शकलाई एपमा फिल्म हेर्ने बानीको विकास गरिरहेको बताउनुभयो । "युट्युबबाट दर्शकलाई एपमा फिल्म हेर्ने बानी बसाउन केही समय निःशुल्क फिल्मसमेत उपलब्ध गराएका थियौँ । सन् २०१६ मै डिजिटल भविष्य देखेर खोलिएको सिनेमाघरमा दुई वर्षपश्चात म सञ्चालकको रूपमा जोडिएँ", अभिनेता लामिछाने भन्नुहुन्छ, "नयाँ फिल्म र ओर्जिनल कन्टेनले दर्शक तान्नेमा विश्वस्त छौँ । हामीले त्यसको तयारीसमेत थालिरहेका छौँ ।" उहाँले गत लकडाउनमा पुरानै फिल्ममा समेत दर्शक बढेको बताउनुभयो ।

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओम अग्रवाल भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम देख्नुहुन्छ । आफ्नै ओएसआर प्ले नामक एपको तयारी गरिरहनुभएका अग्रवालले सुरक्षाको चुनौती रहेको बताउनुभयो । "पाइरेसी गर्नेलाई कडा कारबाही नहुँदा समस्या देखिएको हो । युट्युबमा फ्रीमा फिल्म हेरिरहेका दर्शकलाई नयाँ फिल्ममार्फत आकर्षित नगरेका होइनौँ, तर लकडाउनले केही असर गर्‍यो", सञ्चालक अग्रवालले भन्नुभयो । आइफ्लिक्स बन्द भएपछि उहाँसहितको ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शकमाझ पुर्‍याइरेहेको छ ।

अभिनेता लामिछानेले आफ्नो एपमा चार तहको सुरक्षा रहेको जानकारी दिनुभयो । "सिनेमाघरबाट पाइरेसी गर्नेलाई सहजै समात्न सकिन्छ । हामीले केही समय अगाडि एक जनालाई सजायसमेत दिलाएका थियौँ । पाइरेसीसम्बन्धी शिक्षाको कमीले नै यस्तो भइरहेको छ", अभिनेता लामिछानेले भन्नुभयो, "अहिले ओटिटीले मुनाफा दिन थालेपछि विस्तारै निर्माता आकर्षित भइरहेका छन् । हामीले गत दसैँमा प्रदर्शन गरेको दुई फिल्मले राम्रो मुनाफा दिएको छ ।"

उहाँले एपमा 'कबड्डी ४: द फाइनल म्याच' रिलिज गर्नुभएको छ । यसले नयाँ दर्शक थपिने र पुरानो फिल्मसमेत हेरिने विश्वास उहाँको छ । "अहिले हाम्रो मुनाफा भनेकै दर्शक हुन् । सिनेमाघर चार लाखपटक डाउनलोड भइसकेको छ । उहाँहरूमा नेपाली ओटिटीमा फिल्म हेर्ने बानी विकसित भएमा आउँदो दिनमा हामीले सफलता पाउनेछौँ", अभिनेता लामिछानेले भन्नुभयो ।

निर्देशक रामबाबु गुरुङले आफ्नो फिल्म युट्युब अगाडि एपमा दिनुको कारण दर्शक विकास र बजारको सम्भावना रहेको बताउनुभयो । "हामी कहाँ भएको ओटिटीमा दर्शकलाई आकर्षित गर्न प्रदर्शन गर्दैछौँ । यसले आउँदा दिन सहज हुनेमा विश्वत छु", निर्देशक गुरुङले भन्नुभयो । डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्ड पनि तयार रहेको सदस्य फणिन्द्र कटवालले बताउनुभयो । "सञ्चार मन्त्रालयले यसका लागि बजेटसमेत विनियोजन गरिसकेको छ । कार्यविधि तयार गरेर ओटिटीलाई सघाउने हाम्रो योजना छ", सदस्य कटवालले भन्नुभयो । उहाँकै संयोजकत्वमा बोर्डले ओटिटीलाई नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गर्दैछ ।

नेपालमा सञ्चालनमा आएका ओटिटी भनिने डिजिटल प्लेटफर्मले नयाँ कन्टेन ल्याउन नसक्दा दर्शक विदेशी प्लेटफर्ममै रमाइरहेका छन् । ठूलो पर्दामै देखिने कलाकारलाई लिएर कन्टेन बनाएर ओटिटीमा ल्याउने तयारीमा रहेता पनि यसले पूर्णता पाउन सकेको छैन ।

# मतदान केन्द्रलाई समावेशी र अपांगतामैत्री बनाउन आयोगको निर्देशन

काठमाडौँ, २५ कात्तिक (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा मतदान केन्द्रलाई समावेशी तथा अपाङ्गमैत्री बनाउन निर्देशन दिएको छ ।

आयोगले बिहीबार एक निर्देशिका जारी गर्दै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनमा खटिने सबै कर्मचारीलाई निर्देशन दिएको हो । आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७ र प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन ( मतदान) निर्देशिका २०७९ मा लैङ्गिक तथा समावेशी सिद्धान्तको कार्यान्वयनमा जोडदिएको हो ।

मतदान कक्ष बनाउदा वा मतपेटिका राख्दा धेरैअग्लो ठाउँमा नबनाई वा नराखी होचो कद वा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकले पनि सजिलै मत सङ्केत गर्न सक्ने गरी निर्माण गर्न आयोगको निर्देशन छ । साथै, गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी मतदाताका लागि विश्राम गर्ने ठाउँको व्यवस्था समेत गर्न आयोगले निर्देशन दिएको छ । "गर्भवती, सुत्केरी, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, आफ्नो काखे बालबालिका साथमा भएकी महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई मतदानमा प्राथमिकता दिनुपर्नेछ", निर्देशिकामा भनिएको छ ।

आफ्नो मत सङ्केत गर्न नसक्ने मतदाताका साथमा आएको एकाघरको परिवारको सदस्यलाई मतदान कक्षमा लैजाने अनुमति मागेमा उक्त व्यक्ति मतदान गर्न असमर्थ व्यक्तिहो वा होइन यकिन गरीमतदान कक्षमा प्रवेश गर्ने अनुमति मतदान अधिकृतले अनुमति दिनसक्ने निर्देशिकामा उल्लेख छ । आयोगका सहायक प्रवक्ता कमल भट्टराईका अनुसार निर्वाचन सूचना व्यवस्थापन प्रणालीलाई लैङ्गिकमैत्री तथा समावेशी हुने गरी प्रभावकारी बनाउन समेत निर्देशन दिइएको छ । उहाँले गम्भीर प्रकृतिका अशक्त, दीर्घ रोगी, ज्येष्ठ नागरिक मतदातालाई सवारी साधनको प्रयोग गरी मतदान केन्द्रसम्म पुर्‍याउन र फर्किनका लागि आवश्यक समन्वय तथा सहजीकरण गर्न समेत निर्देशन दिइएको जानकारी दिनुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# खपत घटेपछि सिमेन्ट उद्योगमा देखिन थाल्यो समस्या

काठमाडौँ, २६ कात्तिक (रासस) ।

हिउँद लागेको छ । यस यामलाई विकास निर्माणका समयका रुपमा पनि लिइन्छ । विकास निर्माणको समय सुरु भए पनि सिमेन्ट तथा छडको माग भने न्यून भएको पाइएको छ । पछिल्लो केही समययता सिमेन्ट तथा रडको खपत न्यून रहेको व्यवसायीहरुले बताएका छन् ।

नेपाल राष्ट्र बैंकले गरेको कडाइ तथा देशमा तरलता अभावका कारण बैंक तथा वित्तीय संस्थाले घर तथा आवास निर्माणका लागि सहजरुपमा ऋण नदिँदा सिमेन्ट तथा रडको माग नभएको व्यवसायीको भनाइ छ ।

बजारमा निर्माण सामग्रीको माग न्यून हुँदा मूल्यसमेत घट्न थालेको निर्माण सामग्री व्यापार सङ्घका वरिष्ठ उपाध्यक्ष दीपक श्रेष्ठले जानकारी दिनुभयो ।

बैंकले ऋण नदिँदा तथा तरलता अभावका कारण निर्माण क्षेत्रमा मन्दी आएको उहाँको भनाइ छ । उहाँका अनुसार दसैँयता सिमेन्ट प्रतिबोरामा रु ५० र छड प्रतिकेजी रु सातदेखि रु नौसम्म सस्तो भएको छ । तरलता अभावकै कारण घर बनाउने घट्न थालेपछि फलामजन्य सामग्रीको मूल्य घटेको व्यवसायीको भनाइ छ ।

**क्षमताभन्दा आधा उद्योग सञ्चालन**

तरलता अभावका कारण पछिल्लो समय बजारमा माग घट्दा अधिकांश सिमेन्ट उद्योगले उत्पादन कटौती गर्न थालेका छन् । निर्माणजन्य गतिविधि न्यून हुँदा खपत हुन नसकेको तथा खपत नहुँदा अहिले सिमेन्टमा उद्योग वित्तीय सङ्कट देखिन थालेको सिमेन्ट उद्योगीले बताउन थालेका छन् ।

बजारमा सिमेन्टको मागमा उच्च गिरावट आएपछि हाल सञ्चालनमा रहेका अधिकांश सिमेन्ट उद्योगले क्षमताभन्दा न्यूनमात्रामा सिमेन्ट उत्पादन गर्दै आएका छन् । नेपाल सिमेन्ट उत्पादक सङ्घका उपाध्यक्ष ताराप्रसाद पोखरेले सिमेन्टको माग न्यून हुँदा क्षमताअनुसार उत्पादन नभएको बताउनुभयो । निर्माणको समय सुरु भए तापनि बजारमा चहलपहल नहुँदा न्यूनमात्रामा सिमेन्ट खपत हुन थालेको उहाँको भनाइ छ ।

उहाँले पछिल्लो केही दिनयता धेरै सिमेन्ट उद्योगले १५ देखि एक महिनाको समय राख्दै उद्योगले न्यूनमात्रामा न्यून उत्पादन गर्न थालेका छन् । गत भदौमा मात्र गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर प्रमाण चिह्न (एनएस) पाएको हुवासिन सिमेन्टले सीमितमात्रामा मात्रै उत्पादन गरिरहेको छ ।

हुवासिन सिमेन्ट उद्योगका उपमहाप्रबन्धक डिल्लीराज पोखरेलका अनुसार सिमेन्टको माग कम हुँदा केही समयका लागि उत्पादन कटौती सीमित गरिएको छ । सिमेन्ट उत्पादकका अनुसार एक दर्जन हाराहारीमा उद्योग बन्द छन् । बजारमा सिमेन्टको बिक्रीवितरण भइरहेको भए पनि उद्योगमा उत्पादन भने कटौती गरिएको र सटडाउनकै अवस्थामा छभन्दा पनि फरक नपर्ने उहाँको भनाइ छ ।

उत्पादन लागतभन्दा कम मूल्यमा ठूलो रकम नोक्सानी व्यहोरेर सिमेन्ट बिक्री गरिएको कम्पनीको दाबी छ । "हामीले उद्योग स्थापना गरेसँगै विभिन्न खालको समस्या बेहोर्नुपरेको थियो, अहिले बजारमा आर्थिक मन्दी आउँदा ठूलो रकम नोक्सानी खाएर भए पनि सिमेन्ट बिक्री सुरु गरेका थियौँ", उहाँले भन्नुभयो, "बजारमा सिमेन्टको माग नहुँदा सञ्चालन खर्चमा मात्र वृद्धि भयो । सञ्चालन खर्च र धेरै मौज्दातका कारण केही समय न्यून उत्पादन गर्नुपरेको छ ।"

# यौनिक तथा लैङ्गिक समूदायको समानुपातिक समावेशी प्रतिनिधित्वको माग

काठमाडौँ, २५ कात्तिक (रासस) ।

संविधानसभा सदस्य सुनिलबाबु पन्तले आसन्न निर्वाचनमा यौनिक तथा अल्पसङ्ख्यक समूदायलाई उम्मेदवार बन्नबाट बञ्चित गरिएको भन्दै निर्णय सच्याउनुपर्ने माग गर्नु भएको छ ।

यौनिक तथा अल्पसङ्ख्यक महासङ्घ नेपालले बिहीबार आयोजना गरेको 'यौनिक तथा अल्पसङ्ख्यक समूदायको राजनीतिक सहभागिता र संरक्षण' विषयक अन्तरक्रिया कार्यक्रममा पन्तले निर्वाचन आयोगले निर्णय सच्याउनुपर्ने बताउनुभयो । गृह मन्त्रालयले यौनिक तथा अल्पसङ्ख्यक समूदायलाई नागरिकता दिए पनि निर्वाचन आयोगले मान्यता नदिएको उहाँको भनाइ छ । "गृह मन्त्रालयले यौनिक तथा अल्पसङ्ख्यक समूदायलाई नागरिकता दिएको छ, तर निर्वाचन आयोगले त्यसलाई मान्यता दिएको छैन", उहाले भन्नुभयो, "राजनीतिक अधिकार सुनिश्चितताका लागि राजनीतिक दल र दलका नेताहरूले यौनिक तथा अल्पसङ्ख्यक समूदायलाई प्रोत्साहन गर्नुपर्छ ।"

यौनिक तथा लैङ्गिक समूदायको समानुपातिक

*बाँकी अन्तिम पृष्ठमा*


In,
THE COURT OF PRINCIPAL JUDGE,
FAMILY COURT – AT- MADHUBANI
Bihar (India)

Matrimonial (Divorce) Case No. 142/2022

Anil Thakur……………………………………………..Applicant
Versus
Karishma Mishra………………………………………...Respondents

Notice through News Paper Publication.
To,
Karishma Mishra w/o Anil Thakur
D/o Manoja Nand Mishra
R/o Tole Rajdari, Ward No. 02, Village and P.O – Saptahari, Via – Tilkhati
P.S – Raj Biraj, Dist. – Rajbiraj (Nepal)

Whereas the above mentioned applicant who is your husband has instituted the above noted suit against you under section 13(1) (1a) of Hindu Marriage Act for decree of divorce but in spite of sending notice by speed post and through Email Id – Karishma mantra @ gmail.com as well as by Nazarat you have failed to appear before the court to answer the claim of the applicant.

You hereby directed to appear before the court on 17/11/2022 at 10:30 A.M. personally or through your lawyer to answer the claim of the applicant falling of which the case will be heard and decided in your absence in accordance with the Law.

Given under my signature and seal of the court,
on this 3rd the day of NOV 2022 at Madhubani.

Principal Judge
Family Court, Madhubani
Bihar (India)


## विश्व समाचार

# राजीव गान्धी हत्याका ६ जना दोषीलाई रिहा गर्न सर्वोच्चको आदेश

नयाँदिल्ली, २५ कात्तिक (रासस/एएनआई) ।

पूर्वप्रधानमन्त्री राजीव गान्धीको हत्यामा संलग्न भई आजीवन कारावासको सजाय भोगीरहेका छ जनालाई रिहा गर्न सर्वोच्च अदालतले आदेश दिएको छ । नलिनी श्रीहरन र आरपी रविचन्द्रनसहित छ जनालाई रिहा गर्न सर्वोच्चले शुक्रबार आदेश दिएको हो ।

अदालतले गान्धीको हत्याका दोषी लामो समयदेखि कारागारमा रहेका तथा उनीहरूको असल आचरणलाई दृष्टिगत गरी थुनामुक्त गर्न आदेश दिएको जनाइएको छ । "नलिनी तीन दशकभन्दा बढी समयदेखि जेलमा छिन् उनको आचारण पनि सन्तोषजनक छ, उनीसँग कम्प्युटर एप्लिकेशनमा पोष्ट ग्राजुएट डिप्लोमा छ । रविचन्द्रनको पनि आचारण सन्तोषजनक रहेको पाइएको छ, उनले पनि कला सङ्कायमा पोष्ट ग्राजुएट गरेका छन्," सर्वोच्च अदालतले भनेको छ ।

तमिलनाडु सरकारले पनि उनीहरूको आजीवन कारावासको सजाय माफ गर्दै रिहाइका लागि सिफारिस गरेको थियो । संविधानको धारा १६१ अन्तर्गत प्राप्त अधिकारको प्रयोग गर्दै उनीहरूको रिहाइका लागि राज्यपालसमक्ष सिफारिस गरिएको थियो । गान्धीको हत्यामा संलग्न एक जनालाई तमिलनाडु सरकारले गरेको सिफारिसका आधारमा रिहा गरिएपछि नलिनीलगायतले सर्वोच्च अदालतको ढोका ढक्ढक्याएका थिए ।

सन् १९९१ को मे महिनामा तमिलनाडु राज्यको श्रीपेरुम्बुदुरमा भएको चुनाबी ऱ्यालीमा धनु भनेर चिनिने एक महिलाले आत्मघाती बम आक्रमण गरेर राजीव गान्धीको हत्या गरेकी थिइन् ।

# 'विहारमा मदिरा निषेध अभियान असफल'

हाजिपुर, (विहार) २५ कात्तिक (रासस/एएनआई) ।

विहार सरकारले लागु गरेको मदिरा निषेध अभियान असफल भएको राज्यका एक जना वरिष्ठ नेताले बताएका छन् । यद्यपि त्यसबाट राज्यका जनतालाई केही लाभ भएको छ ।

जनता दल (युनाइटेड) का नेता तथा पार्टीको राष्ट्रिय संसदीय बोर्डका अध्यक्ष उपेन्द्र कुशवाहले शुक्रबार यहाँ संवाददाताहरूसँग कुरा गर्दै राज्यमा मदिरा निषेध अभियान सफल नभएको बताए । उनले सरकारको एकल प्रयासबाट अभियान सफल नहुने बताउँदै त्यस निम्ति जनसाधारणको साथ र समर्थन अपरिहार्य भएकामा जोड दिए ।

मदिरा आपूर्ति नरोकिएसम्म त्यसको खपत पनि न०स्रोकिने यथार्थ सुनाउँदै उनले अभियानबाट केही हदसम्म समाज लाभान्वित भएको बताए । उनले अभियानलाई सफल बनाउन राज्यका जनतालाई अग्रमोर्चामा आउन आह्वान गरे । नेता कुशवाहको यो भनाइले नीतिश कुमारको सरकारलाई अप्ठ्यारो पारेको छ । मदिरा आपूर्तिकर्ताहरूमाथि कठोर बन्न तथा कडाइका साथ कानुन कार्यान्वयन मुख्यमन्त्रीले आदेश दिएपछि नेता कुशवाहको यो भनाइ सार्वजनिक भएको हो ।

सन् २०१६ को अप्रिलदेखि विहारमा मदिरामाथि प्रतिबन्ध लगाइएको छ । प्रतिबन्ध उल्लङ्घन गर्नेलाई १० वर्षसम्म काराबासको सजाय हुने कठोर व्यवस्था पनि गरिएको छ तर मदिराको आपूर्ति र खपत घटेको छैन । मदिराका कारण राज्यमा आपराधिक घटना बढेका छन् । विहार राज्यका लागि भारतीय जनता पार्टीका निखिल आनन्दले पनि नेता कुशवाहको भनाइप्रति सहमति जनाएका छन्

# युक्रेनलाई चालीस करोड डलर उपलब्ध गराउँदै अमेरिका

वासिङटन, २५ कात्तिक (रासस/एएनआई) ।

संयुक्त राज्य अमेरिकाले युक्रेनलाई ४० करोड अमेरिकी डलर उपलब्ध गराउने घोषणा गरेको छ । रुसले युक्रेनी सहर खेरसनबाट आफ्ना सेनालाई फर्कने आदेश दिएको एक दिनपछि उक्त अमेरिकी सहायता घोषणा भएको हो ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले सहयता 'प्याकेज'मा 'एयर डिफेन्स सिस्टम' का लागि युक्रेनलाई 'ग्रिनेड लञ्चर'तोप, गोलाबारूद, साना हतियारसहितका अन्य अत्याधुनिक हातहतियार उपलब्ध गराइने सञ्चारकर्मीहरूलाई बताएका छन् । अमेरिकाले पनि खेरसन सहरबाट रुसी सैनिक फर्कने सङ्केत पाएको उनले बताए ।

रुसका रक्षामन्त्री सर्गेई शोइगु र युक्रेनमा खटिएका रुसी सेनाका कमाण्डर जनरल सर्गेई सुरोभिकिनबीच मस्कोमा भएको बैठकपछि मस्कोले सेनालाई खेरसनबाट फर्कन आदेश दिएको हो । उक्त शहरलाई मात्र आफ्नो कब्जामा लिन मस्को सफल भएको थियो ।

यसअघि युरोपेली आयोगले पनि युक्रेनलाई १८ अर्ब युरो बराबरको सहायता प्याकेज प्रस्ताव गरेको थियो । प्याकेजअन्तर्गत किएभले नियमित किस्ताका रूपमा अधिक सहुलियतमा ऋण पनि पाउने छ । झण्डै दश महिनादेखि जारी युक्रेन युद्धबाट किएभका पक्षमा विशाल अन्तर्राष्ट्रिय सहायता परिचालन भएको छ ।

करिब दश महिनादेखि जारी युक्रेन युद्धमा एक लाखभन्दा बढी रुसी सैनिक मारिएका तथा घाइते भएका अमेरिकी सेनाका एक जना वरिष्ठ अधिकारीले बिहीबार बताएका थिए । द इकोनोमिक क्लब अफ न्यूयोर्कले आयोजना गरेको एक कार्यक्रममा जनरल मार्क मिलेले युक्रेनी पनि त्यति नै सङ्ख्यामा हताहत एवम् घाइते भएका बताएका थिए ।

# दलका घोषणापत्रमा मौलिक प्रतिबद्धता नरहेको आरोप

काठमाडौँ, २५ कात्तिक (रासस) ।
विश्व हिन्दू महासङ्घ नेपाल राष्ट्रिय समितिले राजनीतिक दलले सार्वजनिक गरेका चुनावी घोषणापत्रमा देशको मौलिकता, दिगो विकास र समृद्धिका कुनै प्रतिबद्धता नपाइएको आरोप लगाएको छ ।

महासङ्घले बिहीबार राजधानीमा आयोजना गरेको पत्रकार सम्मेलन एवं अन्तर्क्रिया कार्यक्रममा राजनीतिक दलले सनातन धर्म संस्कृतिप्रति इमान र आस्था झल्काउने विषय घोषणापत्रमा उल्लेख नगरेको गुनासो गरिएको हो ।

राष्ट्रियताको रक्षा र सनातन धर्म, संस्कृतिको संरक्षणका लागि नेपाली जनताबीच बृहत् धार्मिक एकता कायम गरेर अन्त्य गरिने प्रतिबद्धता महासङ्घले व्यक्त गरेको छ । विदेशबाट नेपालमा लागू गरिएका शिक्षा, स्वास्थ्य, अर्थ, कृषि, वन, पर्यटन, जलस्रोत र जडीबुटी आदि नीतिमा परिवर्तन गर्ने उद्घोषका साथ काम गर्ने अध्यक्ष अधिकारीले प्रतिबद्धता जनाउनुभयो ।

आगामी १५ वर्षमा ५० लाख युवायुवतीलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता पनि महासङ्घले व्यक्त गरेको छ । गौशाला, गुरुकुल र वैदिक कृषिका माध्यमले रासायनिक मलबाट उत्पादित अन्नबाली अन्त्य गरिने अवधारणा पनि विज्ञप्तिमार्फत अघि सारिएको छ । माटोको गुणस्तर, पाठ्यक्रममा परिमार्जन, रासायनिक विषादिमुक्त खाद्य तथा पेय पदार्थको उत्पादनतर्फ पनि महासङ्घले जोड दिएको छ ।

संसदीय निर्वाचनमा राष्ट्रियता, सनातन हिन्दू धर्म र ॐ कार परिवारप्रति सद्भाव राख्दै आएका तथा जितेर संसद्मा पुगेपछि पनि हिन्दू राष्ट्रका पक्षमा बहस गर्ने प्रतिबद्धता जाहेर गर्ने ठूला-साना विभिन्न दलबाट उठेका र स्वतन्त्र उम्मेदवारलाई मत दिन पनि महासङ्घले मतदातामा आग्रह गरेको छ ।

कार्यक्रममा विश्व हिन्दू युवा सङ्घका अध्यक्ष ऋषिकेशजङ्ग शाहले दलहरूका विकल्प भन्ने दाबी गर्दै आएका स्वतन्त्र उम्मेदवारले पनि देशको मौलिकतालाई बिर्सेकाले मतदान गर्नुअघि गम्भीर भएर सोचविचार गर्न अनुरोध गर्नुभयो । महासङ्घले आयुर्वेद तथा वास्तुकलालगायत मौलिक विषयवस्तुको अध्यापन गराउन छुट्टै विश्वविद्यालय स्थापनाको सोचका साथ काम गरिरहेको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा महासङ्घका उपसभापतिद्वय प्रवीण घिमिरे र भक्तराज भुसाल, महासचिव गणेशप्रसाद न्यौपानेलगायतले मौलिकताविना देशको अस्तित्व खतरामा पर्ने भएकाले यसको रक्षाका लागि राजनीतिक नेतृत्वले बेलैमा ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो ।

# 'नो, नट अगेन' अभियान कार्यान्वयन नगर्ने आदेशलाई निरन्तरता

काठमाडौँ, २५ कात्तिक (रासस) ।
सर्वोच्च अदालतले 'नो, नट अगेन' अभियानमा आबद्ध समूहलाई साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्वाचन आयोगको निर्देशन तत्काल कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेशलाई निरन्तरता दिएको छ ।

न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुष्मालता माथेमाको संयुक्त इजलासले बिहीबार पहिला भएको एकल इजलासको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको हो ।

न्यायाधीश हरिप्रसाद फुँयालको एकल इजलासले यही कात्तिक २० गते अल्पकालीन अन्तरिम आदेश दिएको थियो । अदालतले उक्त आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा बिहीबार दुवै पक्षलाई छलफल बोलाएपछि उक्त आदेश गरेको हो ।

निर्वाचन आयोगलाई विपक्षी बनाई वरिष्ठ अधिवक्ता डा दिनेश त्रिपाठीले यही कात्तिक १४ गते 'नो, नट अगेन' अभियानमा आबद्ध समूहलाई साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्देशनविरुद्ध रिट निवेदन दायर गर्नुभएको थियो । यो आदेशसँगै निर्वाचन आयोगले साइबर कानूनअन्तर्गत कारबाही गर्ने निर्देशन रोकिएको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


# अमेरिकाबाट ल्याइएको १० किलो गाँजासहित दुई व्यक्ति पक्राउ

काठमाडौँ, २५ कात्तिक (रासस) ।
अमेरिकाबाट नेपाल ल्याइएको १० किलो गाँजासहित दुई व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयमा बच्चाहरूको सोफा र वाटर डिस्पेन्सरको पार्सलमा लुकाइकाछिपाइ ल्याएको अवस्थामा उक्त १० किलो तीन सय ग्राम लागुऔषध गाँजा बरामद गरिएको प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले जनाएको छ ।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक योगेन्द्रकुमार खड्काका अनुसार विमानस्थलमा उक्त पार्सल लिन आउने सल्यानका ४३ वर्षीय वीरबहादुर बुढाथोकी र उनीसँग गाँजा लिन आएका भारतको पूर्वी चम्पारनका २५ वर्षीय राजा कुमारलाई पनि पक्राउ गरिएको छ ।

यसरी १० किलोभन्दा माथि गाँजा उत्पादन, चोरी, पैठारी र ओसारपसार गरेमा दुई वर्षदेखि १० वर्षसम्म कैद र रु १५ हजारदेखि एक लाखसम्म जरिवाना हुने कानुनी व्यवस्था रहेको छ । उनीहरूलाई लागुऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान भइरहेको छ ।

यसैबीच ब्यूरोले ग्रिन टीको नाममा नियन्त्रित लागुऔषध खात कारोबार गर्ने दुई जनालाई पनि पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा धादिङका रामकुमार श्रेष्ठ र ललितपुरका कविराज खड्का रहेका छन् । उनीहरुको साथबाट चार सय ४० किलो खात, एउटा बोलेरो गाडी र डिजिटल तौल मेसिनसमेत बरामद गरिएको प्रवक्ता खड्काले जानकारी दिनुभयो ।

### यौनिक तथा ...

समावेशी प्रतिनिधित्व र नेतृत्व सुनिश्चित गरिनुपर्ने उहाँको माग छ । कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकारकर्मीले नागरिकता, समलिङ्गी विवाह, संविधानको कार्यान्वयन, सर्वोच्चको फैसलाको कार्यान्वयनलगायत विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरू कार्यान्वयन गर्नुपर्ने माग गरेका थिए । नेकपा (माओवादी केन्द्र)कानेता परशुराम तामाङले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको आर्थिक, सामाजिक र राजनीतिक अधिकारमा नियन्त्रण र पहुँच बढाउनुपर्नेमा जोड दिनुभयो ।

निर्वाचन आयोगका पूर्वआयुक्त इला शर्माले चुनावको प्रचारप्रसारका क्रममा यौनिक तथा अल्पसङ्ख्यक समुदायलाई विभेद गर्न नहुने बताउनुभयो । पत्रकार बबिता बस्नेतले यौनिक तथा लैङ्गिक समुदायमाथि गरिने सबै प्रकारका हिंसा, विभेद र दुर्व्यवहारको अन्त्य गरिनुपर्नेमा जोड दिनुभयो ।

### डेङ्गुका बिरामी ...

सङ्क्रमित छन् । लुम्बिनी प्रदेशमा चार हजार नौ सय १८, प्रदेश १ मा दुई हजार ८५, गण्डकी प्रदेशमा एक हजार सात सय २१, सुदूरपश्चिम प्रदेशमा आठ सय ९६ र कर्णाली प्रदेशमा छ सय ७६ जना सङ्क्रमित भइसकेका छन् ।

यस्तै डेङ्गुबाट धेरै सङ्क्रमित भएका १० जिल्लामा काठमाडौँमा १३ हजार सात सय ८७, ललितपुरमा नौ हजार पाँच सय २२, भक्तपुरमा पाँच हजार चार सय ८९, मकवानपुरमा पाँच हजार तीन सय ४७, चितवनमा दुई छ सय २९, दाङमा दुई हजार तीन सय ८८, धादिङमा एक हजार चार सय ११ र रुपन्देहीमा एक हजार एक सय ९५ सङ्क्रमित छन् ।


**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार।**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np